## वर्तमान नेपाल कानूनमा रहेका यौनिक तथा लैगिक अल्पसंख्यकहरु विरुद्ध भएका कानूनी व्यवस्थाहरु

### अध्ययन गरिएका कानूनहरु

१ नेपालको अन्तरिम संविधान, २०६३

### कानूनहरुः

१ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८

२ अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३

३ अध्यागमन ऐन, २०४९

४ अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४०

५ अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेशनको सदस्यता प्राप्त गर्ने ऐन, २०२२

६ अन्तर्राष्ट्रिय विकास एसोसिएशनको सदस्यता प्राप्त गर्ने ऐन, २०१९

७ अन्तर्राष्ट्रिय वित्तिय कारोवार ऐन, ०५४

८ अन्तःशूल्क ऐन, ०५८

९ अपाङ्ग संरक्षण तथा कल्याण ऐन, ०३९

१० आकस्मिक कोष ऐन, ०१६

११ आतंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, ०५८

१२ आर्थिक कार्यविधि ऐन, ०५५

१३ आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, ०५८

१४ आन्तरिक हुलाक वस्तु (वीमा गर्ने) ऐन, ०१९

१५ आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण ) ऐन, ०४९

१६ आयकर ऐन, ०५८

१७ आय टिकट दस्तुर ऐन, ०१९

१८ आयुर्वेद चिकित्सा परिषद् ऐन, ०४५

१९ आयोडिनयुक्त नुन (उत्पादन तथा विक्री वितरण) ऐन, ०५५

२० आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, ०१७

२१ आवश्यक वस्तु संरक्षण ऐन ०१२

२२ आवश्यक सेवा संचालन ऐन ०१४

२३ उखडा सम्वन्धि ऐन, ०२१
२४ उच्च माध्यमिक शिक्षा ऐन, ०४६
२५ उपभोक्ता संरक्षण ऐन, ०५४
२६ औद्योगिक प्रशिक्षार्थी ऐन, ०३९
२७ औद्योगिक व्यवसाय ऐन, ०४९
२८ औद्योगिक व्यवसाय प्रतिष्ठान ऐन, ०५३
२९ औषधी ऐन, ०३५
३० कम्पनी ऐन, ०६३
३१ कमैया श्रम (निषेध गर्ने) सम्वन्धी ऐन, ०५८
३२ कर्मचारी संचयकोष ऐन, ०१९
३३ कर फछ्र्यौट आयोग ऐन, ०३३
३४ करार ऐन, ०५६
३५ काठमाडौं उपत्यका विकास प्राधिकारण ऐन, ०४५
३६ काठमाडौं विश्वविद्यालय ऐन, ०४८
३७ कानूनी सहायता सम्वन्धी ऐन, ०५४
३८ कार्य संचालन कोष ऐन, ०४३
३९ कारागार ऐन, ०१९
४० कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, ०३२
४१ केही फौजदारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, ०२०
४२ केही सार्वजनिक (अपराध र सजाय) ऐन, ०२७
४३ कोर्ट फि ऐन, ०१७
४४ कृषि विकास वैंक ऐन, ०२४
४५ खर्क जग्गा राष्ट्रियकरण ऐन ०३१
४६ खाद्य ऐन, ०२३
४७ खानी तथा खनिज पदार्थ ऐन, ०४२
४८ खेलकूद विकास ऐन, ०४८
४९ गाली र वेइज्जती ऐन, ०१६
५० गुठी संस्था ऐन, ०३३

५१ गैर सैनिक हवाई उडान( सिभिल एभिएशन) ऐन, ०१५
५२ गोरखा पत्र संस्थान ऐन, ०१९
५३ घर जग्गा कर ऐन, ०१९
५४ चन्दा ऐन, ०३०
५५ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, ०२६
५६ चिट्ठा ऐन, ०२५
५७ छापाखाना र प्रकाशन सम्वन्धि ऐन, ०४८
५८ छात्रवृत्ति सम्वन्धी ऐन, ०२१
५९ जग्गा (नाप जाँच) ऐन, ०१९
६० जग्गा प्राप्ती ऐन, ०२४
६१ जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, ०३३
६२ जलचर संरक्षण ऐन, ०१७
६३ जालश्रोत ऐन, ०४९
६४ जाँचवुझ आयोग ऐन, ०२६
६५ जासूसी ऐन, ०१८
६६ जिउ मास्ने वेच्ने कार्य (नियन्त्रण) ऐन, ०४३
६७ जीवनाश विषादी ऐन, ०४८
६८ जुवा ऐन, ०२०
६९ झोरा क्षेत्रको जग्गा सम्वन्धी ऐन, ०२८
७० ट्रेड युनियन ऐन, ०४९
७१ तथ्याँक ऐन, ०१५
७२ दल त्याग ऐन, ०५४
७३ दाना पदार्थ ऐन, ०३३
७४ दुरसंचार ऐन, ५३
७५ दैवी प्रकोप (उद्धार) ऐन ०३९
७६ धितोपत्र कारोवार ऐन, ०४६
७७ धितोपत्र लगानी कोष (ट्रष्ट) ऐन, ०५३
७८ नगर विकास ऐन, ०४५

७९ नगर विकास कोष ऐन, ०५३
८० नागरिक अधिकार ऐन, ०१२
८१ नागरिक लगानी कोष ऐन, ०४७
८२ निजामती सेवा ऐन ०४९
८३ निजी वनजंगल राष्ट्रियकरण ऐन, ०१३
८४ निजीकरण ऐन, ०५०
८५ निर्माण व्यवसाय ऐन, ०५५
८६ निवृत्ति कोष ऐन, ०४२
८७ निर्वाचन (अपराध र सजाय) ऐन, ०४७
८८ निर्वाचन आयोग ऐन, ०४७
८९ निर्वाचन क्षेत्र निर्धारण आयोग ऐन, ०४७
९० नेपाल अधिराज्यको व्यापारीक पानी जहाजको झण्डा सम्वन्धी ऐन, ०२७
९१ नेपाल इन्जियिरिङ परिषद ऐन, ०५५
९२ नेपाल एजेन्सी ऐन ०१४
९३ नेपाल औद्योगिक विकास निगम ऐन, ०४६
९४ नेपाल कानून व्यवासीय परिषद ऐन, ०५०
९५ नेपाल कानुन व्याख्या सम्वन्धी ऐन, ०१०
९६ नेपाल कृषि अनुसन्धान परिषद ऐन, ०४८
९७ नेपाल खानी ऐन, ०२३
९८ नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, ०३७
९९ नेपाल चार्टर्ड एकाउन्टेनटस् ऐन, ०५३
१०० नेपाल नर्सिङ्ग परिषद ऐन, ०५२
१०१ नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, ०५३
१०२ नेपाल नागरिकता ऐन, ०२०
१०३ नेपाल पर्यटन बोर्ड ऐन, ०५३
१०४ नेपाल पशु चिकित्सा परिषद ऐन, ०५५
१०५ नेपाल पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, ०२७
१०६ नेपाल पेट्रोलियम ऐन, ०४०

१०७ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, ०२७
१०८ नेपाल फार्मेसि परिषद ऐन, ०५७
१०९ नेपाल मेडिकल काउन्सिल ऐन ०२०
११० नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, ०५०
१११ नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, ०४८
११२ नेपाल राष्ट्र वैंक ऐन, ०५८
११३ नेपाल विद्युत प्राधिकरण ऐन, ०४१
११४ नेपाल विशेष सेवा ऐन, ०४२
११५ नेपाल सन्धी ऐन, ०४७
११६ नेपाल स्काउट ऐन, ०५०
११७ नेपाल स्वास्थ्य अनुसन्धान परिषद ऐन, ०४७
११८ नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन, ०५३
११९ नेपाल स्वास्थ्य सेवा ऐन, ०५३
१२० नेपाली भाषा प्रकाशन संस्थान ऐन, ०२१
१२१ नेपाली मुद्राको चलन चल्ती वढाउने ऐन, ०१४
१२२ न्याय परिषद ऐन, ०४७
१२३ न्याय प्रशासन ऐन ०४८
१२४ न्याय सेवा आयोग ऐन, ०४८
१२५ न्यायीक कोष ऐन, ०४३
१२६ पर्यटन ऐन, ०३५
१२७ पशुवधशाला र मासु जाँच ऐन, ०५५
१२८ पशु स्वास्थ्य तथा पशु सेवा ऐन, ०५५
१२९ पशुपति क्षेत्रविकास कोष ऐन, ०४४
१३० पानी कर ऐन, ०२३
१३१ पानी जहाज दर्ता ऐन, ०२७
१३२ पुनरावेदत तथा जिल्ला अदालतका न्यायाधीसहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्वन्धी ऐन, ०४८
१३३ पूर्वाञ्चल विश्वविद्यालय ऐन, ०५०

१३४ पेटेण्ट डिजाइ र ट्रेडमार्क ऐन, ०२२
१३५ पोखरा विश्व विद्यालय ऐन ०५३
१३६ प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, ०४७
१३७ प्रतिलिपि अधिकार ऐन, ०५९
१३८ प्रधान सेनापतिको काम, कर्तव्य ,अधिकार तथा सेवा शर्त ऐन, ०२६
१३९ प्रमाण ऐन, ०३१
१४० प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, ०१३
१४१ प्रहरी ऐन, ०१२
१४२ प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, ०१४
१४३ प्राचीन स्मारक संरक्षण ऐन, ०१३
१४४ प्रादेशिक विकास योजनाहरु ( कार्यान्वित गर्ने) ऐन, ०१३
१४५ प्राविधिक शिक्षा तथा व्यवासायीक तालिम परिषद ऐन, ०४५
१४६ प्रेस काउन्सील ऐन, ०४८
१४७ फोहर मैला (प्रवन्ध तथा श्रोत परिचालन) ऐन, ०४४
१४८ वन ऐन, ०४९
१४९ वाणिज्य वैंक ऐन, ०३१
१५० वातावरण संरक्षण ऐन, ०५३
१५१ बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, ०५६
१५२ बालबालिका सम्वन्धी ऐन, ०४८
१५३ विकास वैंक ऐन, ०५२
१५४ विकास समिति ऐन, ०१३
१५५ विर्ता उन्मूलन ऐन, ०१६
१५६ विर्तावालाले विर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, ०१५
१५७ वित्त कम्पनी ऐन ०४२
१५८ वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्वन्धी ऐन, ०५५
१५९ विदेशी राज्य कुटनैतिक प्रतिनिधिको सुविधा तथा उन्मूक्ति ऐन, ०२७
१६० विदेशी लगानी कर ऐन ,०१९
१६१ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन ०४९

१६२ विदेशी विनिमय (नियमति गर्ने) ऐन ०१९

१६३ विदेशमा लगानी गर्न प्रतिवन्ध लगाउने ऐन, ०२१

१६४ विद्युत ऐन, ०४९

१६५ विद्युत चोरी नियन्त्रण ऐन, ०५८

१६६ विनिमय अधिकार पत्र ऐन, ०३४

१६७ विफर नियन्त्रण ऐन, ०२०

१६८ विरुवा संरक्षण ऐन, ०२९

१६९ विवाह दर्ता ऐन, ०२८

१७० विश्वविद्यालय अनुदान आयोग ऐन, ०५०

१७१ विशेष अदालत ऐन ०४९

१७२ विष्फोटक पदार्थ ऐन, ०१८

१७३ विउ विजन ऐन ०४५

१७४ वीमा ऐन, ०४९

१७५ वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, ०५३

१७६ वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, ०४९

१७७ वैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन ०५८

१७८ वैदेशिक रोजगार ऐन, ०४२

१७९ वोनस ऐन, ०३०

१८० वृहत्तर जनकपुर क्षेत्र विकास परिषद ऐन, ०५५

१८१ ब्रेटन उड्स संझौता ऐन ०१८

१८२ भन्सार ऐन, ०१९

१८३ भवन ऐन, ०५५

१८४ भिक्षा माग्ने (निषेध) ऐन, ०१८

१८५ भू-तथा जलाधार संरक्षण ऐन, ०३९

१८६ भूमि प्रशासन ऐन ०३४

१८७ भूमि सम्वन्धी ऐन, ०२१

१८८ भ्रष्टाचार निवारण ऐन, ०५९

१८९ मतदाता नामावली सम्वन्धी ऐन, ०५२

१९० मदिरा ऐन, ०३१
१९१ मध्यस्थता ऐन, ०५५
१९२ मन्त्रीहरुको पारिश्रमिक र सुविधा सम्वनधी ऐन, ०४९
१९३ महान्यायाधिवक्ताको पारिश्रमिक , सेवाको शर्त र सुविधा सम्वन्धी ऐन, ०५२
१९४ महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, ०५९
१९५ महेन्द्र संस्कृत विश्वविद्यालय ऐन, ०४३
१९६ मानव अधिकार आयोग ऐन, ०५३
१९७ मानव शरिरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, ०५५
१९८ मालपोत ऐन, ०३४
१९९ मालपोत (विशेष व्यवस्था) ऐन, ०१८
२०० मालपोत मिन्हा ऐन, ०१९
२०१ मुलुकी ऐन, २०२०
२०२ यातना सम्वन्धी क्षतिपूर्ति ऐन ०५३
२०३ रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, ०२०
२०४ राजगद्दी उत्तराधिकार सम्वन्धी ऐन, ०४४
२०५ राजनीतिक दल सम्वन्धी ऐन, ०५८
२०६ राजपरिवार खर्च व्यवस्था ऐन, ०३१
२०७ राजप्रसाद सेवा ऐन, ०२९
२०८ राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण ) ऐन, ०५२
२०९ राजस्व न्यायाधिकरण ऐन, ०३१
२१० राजसभा सचिवालयका कर्मचारीको सेवा सम्वन्धी ऐन, ०२१
२११ राज्य अदालत उन्मूलन ऐन, ०१७
२१२ राज्य विरुद्धको अपराध र सजाय ऐन, ०४६
२१३ राज्य रजौटा ऐन, ०१७
२१४ राप्तीदुन विकास क्षेत्रको जमिनको (विक्री वितरण) व्यवस्था ऐन, ०२४
२१५ राष्ट्रिय चिया तथा कपी विकास वोर्ड ऐन, ०४९
२१६ राष्ट्रिय दुग्ध विकास वोर्ड ऐन, ०४८
२१७ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, ०२९

२१८ राष्ट्रिय निर्देशन ऐन, ०१८
२१९ राष्ट्रिय प्रशारण ऐन, ०४९
२२० राष्ट्रिय विमा संस्थान ऐन, ०२५
२२१ राष्ट्रिय शिक्षा समिति ऐन, ०२८
२२२ राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, ०४८
२२३ राष्ट्रिय समाचार समिति ऐन, ०१९
२२४ राष्ट्रिय सहकारी विकास वोर्ड ऐन, ०४९
२२५ राष्ट्रिय सेवा दल ऐन, ०२७
२२६ राहादानी ऐन, ०२४
२२७ ऋण तथा जमानत ऐन, ०२५
२२८ रेडियो ऐन, ०१४
२२९ रेल्वे ऐन, ०२०
२३० लागू औषध(नियन्त्रण) ऐन, ०३३
२३१ लालमोहर ऐन, ०१५
२३२ लिखतहरुको गोप्यता सम्वन्धी ऐन, ०३९
२३३ लेखापरीक्षण ऐन, ०४८
२३४ लोकसेवा आयोग (कार्यविधि) ऐन, ०४८
२३५ शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, ०५७
२३६ शाही नेपाल वायुसेवा निगम ऐन, ०१९
२३७ शिक्षा ऐन, ०२८
२३८ संचार संस्थान ऐन, ०२८
२३९ सडक बोर्ड ऐन, ०५८
२४० सपुर्दगी ऐन, ०४५
२४१ सभा वा संघ सम्वन्धी ऐन, ००५
२४२ सम्पत्ति कर ऐन, ०४७
२४३ समाज कल्याण ऐन, ०४९
२४४ सरकारी मुद्दा सम्वन्धि ऐन, ०४९
२४६ सवारी तथा यातायात सम्वन्धी ऐन, ०४९

२४७ सर्वोच्च अदालत ऐन, ०४८

२४८ सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको सर्त र सुविधा सम्वन्धी ऐन, ०२६

२४९ सशस्त्र प्रहरी ऐन, ०५८

२५० सहकारी ऐन, ०४८

२५१ साझेदारी ऐन, ०२०

२५२ सामयीक कर असुली ऐन, ०१२

२५३ सामाजिक व्यवहार (सुधार) ऐन, ०३३

२५४ सार्वजनिक सडक ऐन, ०३१

२५५ सार्वजनिक सुरक्षा ऐन, ०४६

२५६ सेना सम्वन्धी अख्तियार सुम्पने ऐन, ०१५

२५७ सैनिक ऐन, ०१६

२५८ संक्रामक रोग ऐन, ०२०

२५९ संयुक्त आवासको स्वामित्व सम्वन्धी ऐन, ०५४

२६० संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्वन्धी ऐन, ०५३

२६१ संसद सचिवालय सम्वन्धी ऐन, ०५८

२६२ संस्था दर्ता ऐन, ०३४

२६३ संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धी ऐन, ०५२

२६४ संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्वन्धी ऐन, ०५५

२६५ संस्थान ऐन, ०२१

२६६ संक्षिप्त कार्यविधि ऐन,०२८

२६७ स्टाण्डर्ड नाप र तौल ऐन, ०२५

२६८ स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, ०४८

२६९ स्थानीय प्रशासन ऐन, ०२८

२७० स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, ०४९

२७१ स्थानीय स्वायत्त शासन ऐन, ०५५

२७२ श्रम ऐन, ०४८
२७३ श्रमजिवी पत्रकार सम्वन्धी ऐन, ०५१
२७४ श्री ५ महेन्द्र प्रकृति संरक्षण सम्वन्धी ऐन, ०३९
२७५ हवाई उडान कर ऐन, ०१८
२७६ हातहतियार खरखजाना ऐन, ०१९
२७७ हुलाक ऐन, ०१९
२७८ होटेल व्यवस्था तथा मदिराको विक्री वितण (नियन्त्रण) ऐन, ०२३
२७९ क्षतिपूर्ति ऐन, ०१९
२८० त्रिभुवन विश्वविद्यालय ऐन, ०४९

यौनिक तथा लैगिक अल्पसंख्यकहरुको हकाधिकार संरक्षण गर्नको लागि नयाँ बन्ने संविधान तथा वर्तमान कानूनहरुमा निम्नानुसार सुधार गर्नु पर्ने देखिन्छः

## नयाँ संविधान तर्फ

नेपालको वर्तमान अन्तरिम संविधान २०६३ को कार्यकाल संविधान र शान्ति संझौता अनुसार २०६७ जेष्ठ १३ गते सम्म रहने र २०६७ जेष्ठ १४ गते वर्तमान संविधान सभा मार्फत देशका सबै जात, जाति, क्षेत्र, लिंग, भाषा, भाषी, समुदाय, अंल्पसंख्या, दलित, महिला, अपाङ्ग, आदिवासी, जनजाति, पिछडीएको क्षेत्र, वर्ग आदि समेतको हक अधिकार सुनिश्चित गर्दै निर्माण हुने नयाँ संविधानको घोषणा हुने कार्यक्रम रहेको हुँदा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको भेलाले जारी गरेको चितवन घोषणा पत्र र सो सम्बन्धमा निलहिरा समाजको अगुवाइमा संविधान सभा समक्ष बुझाइएको अवधारणा अनुसार नयाँ बन्ने संविधानको प्रस्तावना र त्यसका विभिन्न धाराहरुमा समेत यौन तथा लैगिक अल्पसंख्यकहरुको हक अधिकार सुनिश्चित गरी यो समुदायलाई संरक्षित अल्पसंख्यक समुदायको रुपमा स्पष्ट पहिचान गरी उनीहरुको हक अधिकार संरक्षण गर्ने कुरामा सबै राजनीतिक दलहरु सामान्यतः एक मत रहेको अवस्थामा मुल कानूनको रुपमा रहेको संविधानमा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला आदेश बमोजिमको व्यवस्था गर्नको लागि आवश्यक पहल भइरहेको तथा संविधान निर्माणको प्रक्रिया कायम रहेको अवस्थामा वर्तमान अन्तरिम संविधानमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको सम्वन्धमा कुनै प्रष्ट व्यवस्थाहरु उल्लेख भएका नभए पनि त्यसको

कार्याविधि लामो नरहेको हुँदा नयाँ संविधानमा नै यस सम्वन्धि स्पष्ट व्यवस्था राख्न पहल गर्नु पर्ने देखिन्छ ।

## <u>वर्तमान प्रचलित कानूनहरु तर्फ</u>

## मुलुकी ऐन, २०२०

### <u>अदालती बन्दोबस्तको महल</u>

### <u>११ नं.</u>

मुद्दा हेर्दा देहायको प्राथमिकताले कारवाई गर्दै जाँदा जुन मुद्दा पहिले छिन्ने अंग पुग्छ सोही मुद्दा पहिला किनारा गर्नु पर्दछ ----------------

थुनुवा कैदीको थुनुवा कैद परको मुद्दा--------------------------१

बेवारिसे १६ वर्ष मुनिको नाबालकको मुद्दा-------------------२

तारिखमा रहेको ७५ वर्षमाथिको बुढावुढीको र शारीरिक अशक्तता भएको व्यक्तिको मुद्दा-

स्वास्नी मानिस वादी वा पुनरावेदक भएको न्वारान गराई पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा--------------------------------४

**यौनिक तथा लैंगिक अल्पसंख्यक वादी वा प्रतिवादी भएको मुद्दा----------------५**

माथि लेखिएको र त्यसपछि अरु मुद्दाका हकमा पुरानोको क्रममले---------६

### <u>३० नं.</u>

मुद्दा हेर्न पाउने अधिकारी गैरले मुद्दा हेर्दा देहाय बमोजिम गर्नु पर्छ-------

आफ्ना हाडमा अपुताली परे खान पाउने नाता र मामा माइज्यु, सानी ठूली आमा, सानु ठूलो बावु, सासु, ससुरा, फूपु, फुपाज्यू, जेठा, साला, मीत, आफ्ना दिदी वहिनि, छोरी, र यिनै दिएका जुवाई, भानिज, भाञ्जी, भाञ्जी वुहारी, आमाका बाबु वा आमा, **तेश्रो लिंगी, समलिंगी सन्तान**, मन्त्र सुनाउने गुरु गुरुमा, मन्त्र सुनाएका शिष्य शिष्यनी, आफूले लेनदेन कारवार गरेका र नोकर चाकर लेखिएका मानिसको एकाघरसंग बसेका जहानको र झगडिया मानिसको मुद्दा पर्न आएमा आफूले हेर्न हुँदैन---------------१

माथि १ दफामा लेखिए बमोजिम हेर्न नहुने मुद्दा पर्न आएमा सोही अड्डामा समान अधिकारको अन्य अधिकारी भए निजले हेर्नु पर्छ र त्यस्तो अधिकारी नभए समान अधिकारीको सबैभन्दा नजिकको अर्को अड्डामा यस अड्डाबाट यति कारणले हेर्न नहुने हुनाले त्यस अड्डाबाट हेरी कानून बमोजिम गरिदिनु भन्ने कारण समेत खोली लेखोटमा पठाई झगडियालाई पनि सोही अड्डामा जानु भनी सुनाई तारिख तोकी मिसिल पठाई

अड्डामा पठाई दिनु पर्छ र सो अड्डाले पनि बुझिलिई आफ्नो अधिकार क्षेत्र भित्रको नभए पनि कानून बमोजिम हेरिदिनु पर्छ--------२

**११७ नं.**

स्वास्नी मानिसलाई पक्रन पठाउनु पर्दा स्वास्नी मानिस सिपाही भएका अड्डाले स्वास्नी मानिस सिपाही र नभएका अड्डाले दुईजना सिपाहीले डाकी ल्याउनु पर्छ । लोग्ने मानिसले हात हाली पक्रन हुँदैन । नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनु पर्छ । यौनिक तथा लैंगिक अल्पसंख्यकलाई पक्राउ गर्दा निजको लैंगिक अभिमूखिकरणको आधारमा पहिचान भएको लिंगको पुरुष वा महिला प्रहरीले पक्राउ गर्नु पर्छ ।

**दण्डसजायको महल**

**२७ नं.**

सर्वस्व गर्दा अंश नभएका अरु अंशियारको अंश पर सारी र कसूर जाहेर नहुँदै भोग दृष्टि वन्धक लेखिएका तमसुक बमोजिमको साहूको थैली, विवाह भएका छोरा छोरी तथा यौनिक तथा लैंगिक अल्पसंख्यक सन्तानको ऐन बमोजिमको विवाह खर्च, स्वास्नी छोरी वुहारीको दाइजो र जुन मुद्दाबाट सर्वस्व हुने भएको हो त्यस मुद्दाबाट भरी पाउने फैसला बमोजिमको दुनियाँको बिगो समेत पर सारी कसुदारको मात्र सर्वस्व गरी लिनु पर्छ । धितो नलेखिएको अरु साहूको थैली पर सार्नु पर्दैन ।

**लोग्ने स्वास्नीको महल**

**१ नं.**

विवाहवारीको महलको २ नम्वरको ९ दफामा ४,५,७ र ८ नम्वरमा लेखिएको र देहायको अवस्थामा बाहेक लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद हुन सक्दैन । त्यस्तो अवस्था परी सम्वन्ध विच्छेद गर्नु परेमा पनि कारण खोली निवेदन गरी अड्डाबाट निर्णय भएपछि सो निर्णय बमोजिम मात्र सम्वन्ध विच्छेद हुन सक्छ ।

स्वास्नीले लोग्नेलाई निजको मन्जुरी वेगर लगातार तिन वर्ष वा सो भन्दा बढी समयदेखि छोडी अलग बस्ने गरेमा वा लोग्नेको ज्यान जाने जाल प्रपन्च गरेमा वा स्वास्नीलाई निको नहुने यौन सम्वन्धी कुनै रोग लागेमा, स्वास्नीले परपुरुषसंग करणी गराएको ठहरेमा त्यस्तो स्वास्नीसित लोग्नेले आफ्नो सम्वन्ध विच्छेद गर्न पाउँछ ।

लोग्नेले अरु स्वास्नी ल्याएमा राखेमा वा स्वास्नीलाई घरबाट निकालेमा वा खान लाउन नदिएमा वा स्वास्नीको खोजखवर नलिई हेरविचार नराखी लगातार तीन वर्ष वा सो भन्दा वढी समयदेखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा वा स्वास्नीको ज्यान जाने

अंगभंग हुने वा अरु कुनै ठूलो शारिरीक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपन्च गरेमा वा लोग्नेले परस्त्रीसंग करणी गरेको ठहरेमा वा जवरजस्ती करणीको महलको ३ नम्वरको दफा ६ बमोजिम लोग्नेले स्वास्नीलाई जवरजस्ती करणी गरेको ठहरेमा त्यस्तो लोग्नेसंग स्वास्नीले आफ्नो सम्वन्ध विच्छेद गर्न पाउँछे ।

यौन तथा लैगिक अल्पसंख्यक व्यक्तिलाई निजको इच्छा विपरित जवरजस्ती विवाह गरिदिइको भएमा त्यस्तो यौन तथा लैगिक अल्पसंख्यक व्यक्तिले सो विवाहलाई स्वीकार नगरे सम्वन्ध विच्छेद गर्न पाउँछ ।

लेखिए बाहेक अरु अवस्थामा दुवै थरीको मन्जुरी भएमा लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद गर्न हुन्छ ।

१(क) यस महलको १ नं. १ दफा बमोजिम सम्वन्ध विच्छेद गर्न चाहने पक्षले वा ३ दफा बमोजिम दुवैको मन्जुरीले सम्वन्ध विच्छेद गर्न चाहेमा लोग्ने, स्वास्नी दुवै थरीलाई भरसक संझाई बुझाई मेलमिलाप गराई दिनु पर्दछ । त्यसरी संझाउँदा बुझाउँदा पनि मेल मिलाप हुन नसकेमा र विवाह राख्नु भन्दा सम्वन्ध विच्छेद गराउनु भएमा निवदेन परेको एक वर्ष भित्र आफ्नो राय समेत संलग्न गरी प्राप्त निवेदन सम्वन्ध विच्छेद गर्न अधिकार भएको सम्वन्धित जिल्ला अदालतमा पठाउनु पर्छ ।

२ स्वास्नीको अर्कोसंग विवाह गरेमा त्यस्तो लोग्ने सम्वन्ध स्वतः विच्छेद हुन्छ ।

३ ऐन बमोजिम लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद भएको मितिले दुइसय वहत्तर दिन भित्र जन्मेको सन्तान अन्यथा प्रमाणित नभएमा सो सम्वन्ध विच्छेद भएको लोग्नेकै सन्तान ठर्हछ । त्यस्ता सन्तान र पाँच वर्ष नपुगेका वा पाँच वर्षदेखि माथिका नावालक पाल्ने विषयमा देहाय बमोजिम हुन्छ ।

यस नम्वरको १,२५ दफामा जुनसुकै कुरा लेखिएको भएता पनि आमा वावु दुवैको मन्जुरी भएमा त्यस्तो नावालकलाई आमा वावु मध्ये कुनैले वा आलोपालो गरी पाल्न पाउँछ ।

आमा वावु मध्ये जुनसुकैले पाले पनि नावालकको अहित हुने अवस्था वा त्यस्तो अहित हुने मानसिव आशंका नभएमा पाल्ने आमा वावुले नपाल्ने आमा वा वावुलाई विच विचमा नावालकसंग भेटघाट गर्ने मौका दिनुपर्छ । त्यस्तो मौका अर्को विवाह गर्ने आमाले पनि पाउँछे ।

आमाले पाल्दा वावुले आफ्नो इज्जत आमद अनुसार नावाकलाई खान लाउन शिक्षा र औषधी उपचार समेतको मनासिव खर्च दिनु पर्छ । आमाले नेपाली वावुले त्यस्तो नावालक पालेको रहेछ र वावु भन्दा आमाको आयस्था वढी रहेछ भने अड्डाले अवस्था विचार गरी आदेशद्वारा तोकिए बमोजिम त्यस्तो स्वास्नी मानिसले पनि नावालकको खान लाउन दिक्षा र औषधी उपचारको खर्च व्यहोर्नु पर्छ ।

४ सासु ससुरा समेत भई वा लोग्नेले मात्र खान लाउन नदिई घरबाट निकाला गरेको वा वरावर कुटपिट गरी दुःख दिने गरेको वा लोग्नेले अरु स्वास्नी ल्याए वा राखेकोमा त्यस्तो स्वास्नीको लोग्नेको अंशबाट आफ्नो अंशबाट छुट्याई लिन पाउँछ । त्यस्ती स्वास्नी मानिस मरेमा वा निजले अर्को विवाह गरेमा उसले खाईलाई वाँकी रहे जति हकवालाको हुन्छ ।

४(क) यस महलको १ नं. बमोजिम लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद हुने भएमा अदालतले निजहरु विच अंशवण्डा गर्न लगाएर मात्र स्वास्नी मानिसको जिविकाको निमित्त मासिक रुपले खर्च भराई दिनु पर्छ । अंशवण्डा भइसकेपछि सम्वन्ध विच्छेद भएकी स्वास्नी मानिसको अंशमा परेको सम्पत्तिमा निजको हक हुनेछ । त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भएपनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति अघिल्लो लोग्ने पट्टिका सन्तान भए त्यस्तो सन्तानले र त्यस्तो सन्तान भए अघिल्लो लोग्नेले पाउँछ ।

४(ख) यस महलको ४(क) नम्वरमा जुनसुकै कुरा लेखिएको भएतापनि सम्वन्ध विच्छेद हुने स्वास्नी मासिनले अंश नलिई सो वापत लोग्नेसंग वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा अदालतले त्यस्ता स्वास्नी मानिसलाई लोग्नेको सम्पत्ति र आयस्ताको आधारमा वार्षिक वा मासिक खर्च भराई दिनु पर्छ ।

४(ग) यस महलको १ नं. बमोजिम सम्वन्ध विच्छेद भएकोमा दफा ४(क) बमोजिम वण्डा गर्नुपर्ने कुनै सम्पत्ति नभई लोग्नेबाट अंश नपाएकी स्वास्नी मानिसले लोग्नेबाट खान लाउन खर्च भराउन चाहेमा र त्यस्तो लोग्नेको आम्दानी आयस्ता भएमा अदालतले त्यसतो स्वास्नी मानिसलाई लोग्नेको आयस्ताको आधारमा खान लाउन खर्च भराई दिनु पर्छ । लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिसलाई

लोग्नेले आयस्ताको आधारमा खान लाउन खर्च भराई दिनु पर्दछ । लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेसम्मको लागि मात्र भन्नु पर्दछ ।

५ स्वास्नीको दाइजो पेवा मास्ता नभई एकघरसंग वसेका अरु अंशियारहरु समेत रहेछन भने अंशको हकदार सोर वर्ष नाघेका सबैको मन्जुरीको लिखत भएमा मात्र सो मासेको दाइजो पेवा लेनदेन व्यवहारको महल बमोजिम रित नपुऱ्याई मासे दिएकोमा अरु अंशियारको मन्जुरी अंशियाहरुले व्यहोर्ने र गोश्वरा धनबाट भर्ना हुन सक्दैन । **यो नं.मा भएको व्यवस्थामा लोग्ने मानिस र स्वास्नी मानिस भन्ने शव्दको सट्टामा श्रीमान श्रीमती शव्द उल्लेख गर्नु पर्ने देखिन्छ ।**

## अंशवण्डाको महल

१.१ यो नम्वर प्रारम्भ भएपछि अंशवण्डा गर्दा यस महलको नम्वरहरुको अधिनमा रही वावु आमा लोग्ने स्वास्नी छोरा छोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान**हरुको जियजीयैको अंश गर्नुपर्छ ।

२ यस महलमा अन्यथा लेखिएका वाहेक

३ संगै वसेका दाजुभाईका छोराछोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान**हरुमा आफ्नो आफ्नो वावुको मात्र अंश हुन्छ ।

४ कसैका सौता सौता स्वास्नी मात्र रहेछन् भने सबै सौताले आफ्नो लोग्नेका अंशमा ऐन बमोजिम वाँडी खान पाउँछन् ।

५ अंश नहुँदै लोग्ने वा वावु मरेमा निजले पाउने अंश स्वास्नी वा छोरा छोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान**ले पाउँछन् ।

५(क) विवाहवारीको महल बमोजिम विवाह वदर भएकोमा त्यस्तो दम्पत्तिबाट जन्मिएका छोरा छोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान**ले निजहरुबाट अंश पाउँछन् ।

८ प्रकाश नगरी वाहिर राखेका स्वास्नीले वा उसबाट जन्मेका छोरा छोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान**ले लोग्ने वा वावु मरेपछि अंशमा दावा गर्न पाउँदैनन् ।

१० वावु आमाको जिउ छउन्जेल अंश दिन छोरा छोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान**ले वावु आमालाई वाध्य गराउन सक्ने छैनन । म अहिले छुट्टिन्न भन्ने छोराछोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान**लाई वावु

आमाले कर लगाई छुट्याउन पनि हुँदैन । स्वास्नीले पनि लोग्नेको जिउ छउन्जेल लोग्नेको मन्जुरी विना अंश लिई छुट्टिन पाउँछिन् । लोग्ने वा वावु आमाले स्वास्नी वा छोराछोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानलाई इज्जत आमाद अनुसार खान लाउन र आवश्यकता अनुसार उचित शिक्षा दिषा र स्वास्थ्य उपचारको व्यवस्था गर्नु पर्दछ । सो नगरे अंश दिनु पर्छ । लोग्ने स्वास्नीको ४ नं. मा लेखिएको कुरामा भने सोही अनुसार हुन्छ ।

१०(ख) ऐन बमोजिम वावु आमा छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानहरुको अंशवण्डा गर्दा वावु आमा कुनै छोरा वा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानसंग वस्न चाहेमा सो कुरा वण्डापत्रमा नै खुलाउन पर्छ र त्यस्तो छोरा वा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले वावु आमालाई संग राखी हेरचाह गर्नु पर्छ । वृद्ध वावु आमाको आफ्नो आयस्ताले खान लाउन नपुगे वा हेरचाह गर्न संग बसेका छोरा वा छोरी वा छोराको छोरा, कोही नभए भिन्न बसेका छोरा वा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले पनि आफ्नो इज्जत आमाद अनुसार खान लाउन दिई हेरचाह गर्नु पर्छ ।

११ अंश लिई वेग्लै भएपछि आफ्नो र कोही स्वास्नी छोरा तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानको अंश समेत मिसाई संग राखेको रहेछ भने पछि अरु स्वास्नी ल्यायो वा छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान जन्मे भने संग वसेकाहरुको अंश जिउनी जम्मा गरी संग बसेका र पछि ल्याए जन्मेका स्वास्नी छोरा तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानलाई ऐन बमोजिम अंश गरी दिनु पर्छ । आफ्नो अंश लिई वेग्लै भएपछि अर्को स्वास्नी ल्यायो व छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान जन्मे भने पछि ल्याई जन्मेकाले लोग्ने वा वावुको अंश जिउनी सबै खान पाउँछन् । पछि ल्याए जन्मेकाले अघि अंश लिइ पर सरेको संग अंशमा दावी गर्न पाउँदैन ।

१४ वावु वा लोग्नको शेषपछि अंश गर्दा उसको काजक्रिया गरी वाँकी रहेको संग वसेका र वेग्लै बसेका समेत सबै छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान स्वास्नी सितका वावु वाजे लोग्नेको आर्जनको ऋण धनको सबै स्वास्नी छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानलाई ऐन बमोजिम वाँडी दिनु पर्छ । वावुको शेषपछि पनि कोही छोरा छोरी तथा यौन

तथा लैंगिक अल्पसंख्यक सन्तान आमा सित बसेका रहेछन वा कोही पनि संग बसेका रहेछन आफ्नो चित्त बुझी अंश नखोजी वेग्लैवेग्लै बसेका रहेछन र आमा मरेपछि अंश गर्न पर्‍यो भने पनि आमाको काजक्रिया गरी वाँकी रहेको सबै सितका वावु वाजेको आर्जनको ऋण धनमा ऐन बमोजिम सबै छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानलाई वाडी हिनु पर्छ । मानो छुट्टेपछिको ऋण धनमा ऐन बमोजिम हुन्छ ।

१७ विवाह नभएका छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानको विवाह खर्च पर सार्दा विवाह नभएका छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान धेरै भएपनि थोरै भएपनि जम्मा धन सम्पत्ति दुई हजार देखि वढ्ता ठहरे सयकडा पाँच, दुई हजार देखि मुनि एक हजारसम्म धन सम्पत्ति ठहरे सयकडा दश एक हजारदेखि घटी धन सम्पत्ति ठहरे सयकडा विसका दरले विवाह खर्च पर सारी जस्तो हिसावको अंश पाउँछ । सोही हिसाव सित दामासाही गरी विवाह खर्च पनि वाँडी दिनु पर्छ लेखिए बमोजिम वण्डा गर्दा विवाह खर्च पाउने एक जवान मात्र र अंश पाउने अंशियार एक जनाले पाउने अंशको चारखण्डकै तिन खण्डासम्म विवाह खर्च पाउँछ । वढी पाउँदैन भाइ भाइको अंश गर्दामा भाइ भाइको छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानहरुलाई विवाह खर्च पर सार्नु पर्दैन ।

१९ अंश नलिएका स्वास्नी, छोरा अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान वा विधवा वुहारी हुने मानिसको चल अचल सम्पत्तिमा देहायमा लेखिए बमोजिम हुन्छ................

पिता पुर्खाको पालाको चल अचल गैर सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधिसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा वा अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान वा विधवा वुहारको मन्जुरी नभएपनि आफुखुश गर्न पाउँछ । अचलमा आधी भन्दा वढी भने व्यवहार गाउने परेपनि एक्काइस वर्ष नाघेका स्वास्नी छोरा अविवाहिता छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान र विधवा वुहारीको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ । मन्जुरी नलिई गरेको सदर हुँदैन । आफ्ना पालामा आर्जेको चल अचल सबै एक स्वास्नी वा एक स्वास्नी पट्टिका छोरा अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान मात्र भएकाले वा अरु छोरा अविवाहित छोरी

तथा यौन तथा लैङ्गिक अल्पसंख्यक सन्तान स्वास्नी मरी त्यस्तो अवस्था हुन आएकोले आफ्नो खुस गर्न पाउँछ । मन परेका कोही स्वास्नी छोरा, अविवाहित छोरी तथा यौन तथा लैङ्गिक अल्पसंख्यक सन्तानलाई मात्र वकस समेत केही व्यहोरा गरि दिन भने हुँदैन । सबै स्वास्नी छोरा अविवाहित छोरी तथा यौन तथा लैङ्गिक अल्पसंख्यक सन्तानलाई ऐनले पाउने भाग बमोजिम भए मात्र सदर हुन्छ ।

माथि दफा दफामा लेखिए बमोजिम आफुखुशी गर्न पाउने स्वास्नी छोरा अविवाहित छोरी तथा यौन तथा लैङ्गिक अल्पसंख्यक सन्तान र विधवा वुहारीको मन्जुरी नभएपनि खुश गर्न नपाउने अंश एक्कसाई वर्ष नाघेको स्वास्नी छोरा अविवाहित छोरी तथा यौन तथा लैङ्गिक अल्पसंख्यक सन्तान र विधवा वुहारीको मन्जुरी भए मात्र पिता पुर्खाको पालाको आर्जनको समेत चल अचल गैर सम्पत्ति मन परेको स्वास्नी छोरा अविवाहित छोरी तथा यौन तथा लैङ्गिक अल्पसंख्यक सन्तान वा वुहारीलाई दिना समेत आफूखुशी गरेको स दर हुन्छ । माथि दफा दफामा लेखिए बमोजिम आफूखुशी गर्न नपाउने अवस्थामा पनि आफ्नो हकको अंश जति भने आफूखुशी गर्न पाउँछ ।

माथि लेखिए बमोजिम दिन पाउने जति अंशवण्डा नहुँदै कुनै स्वास्नी छोरा अविवाहति छोरी तथा यौन तथा लैङ्गिक अल्पसंख्यक सन्तान वा वुहारीलाई लिखत गरी दिएको जति पछि अंशवण्डा गर्दा वण्डा गर्नु पर्दैन जसले पाएको हो उसले एकलौटी गरी खान पाउँछ । दिन नपाउने दिएको रहेछ भने पछि वण्डा गरी सो समेत सबै सम्पत्तिमा मिसाई वण्डा गरी दिनु पर्छ ।

## धर्मपुत्र/धर्मपुत्रीको महल

२ आफ्नो छोरा छोरी तथा यौन तथा लैङ्गिक अल्पसंख्यक सन्तान भएको व्यक्ति वाहेक अन्यले लिखत गरी धर्मपुत्र वा धर्मपुत्री राख्न हुन्छ ।

तर

छोरा हुनेले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न पाउने छैन ।

३(ख) यस महल बमोजिम एक पटक धर्मपुत्र वा धर्मपुत्री भएकालाई पुनः धर्मपुत्र वा धर्मपुत्री दिन हुँदैन । दिएको भए वदर हुन्छ ।

३ धर्मपुत्र राख्न पाउनेले सन्तान छोरा नहुँदा ऐन बमोजिम राख्न हुनेलाई रीतपुर्वकको लिखत गरी धर्मपुत्र राखी सकेपछि सन्तान छोरा जन्म्यो भने पनि अघि धर्मपुत्र राखेको वदर हुन सक्दैन । भाई सरहको अंश पाउँछ ।

९(ख) धर्मपुत्र वा धर्मपुत्री हुने वा राख्नेको उमेर कम्तिमा ३० वर्ष फरक हुनुपर्छ ।

९(ग) धर्मपुत्र वा धर्मपुत्रीको हक छोराछोरी राखी सकेपछि छोरी जन्म्यो भने पनि अघि राखेको धर्मपुत्री वदर हुन सक्दैन । छोरी सहर नै हुन्छ ।

१० बालबालिका फाल्ने पत्ता लाग्यो भने वावु आमा दुवैको सल्लाहले फालेको भए दुवैको अंश र त्यस बालबालिकाको समेत त्यही पाल्नेलाई दिलाई पाल्न लाउनु पर्छ । एक जनाको मात्र मतलव रहेछ भने जसले फालेको छ उसैको र बालबालिका **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान**को अंश दिलाई दिनु पर्छ ।

११ ऐनको रित पुऱ्याई धर्मपुत्र वा धर्मपुत्री राखिसकेपछि कुनै खास कारण नभई वदर गर्नु हुँदैन । धर्मपुत्र वा धर्मपुत्री बस्नेले, धर्मपुत्र वा धर्मपुत्री राख्नेलाई खान लाउन नदिने घरको सम्पत्तिको हेरचाह नगरी दुरुपयोग गर्ने । शारिरीक वा मानसिक यातना दिने जस्ता कार्य गरेमा धर्मपुत्र वा धर्मपुत्री राख्नेले त्यस्ता धर्मपुत्र वा धर्मपुत्री वदर गर्न पाउछन वदर हुने धर्मपुत्र वा धर्मपुत्रीले जन्माउने वावुपट्टिको अंश पाउँछन् । लेखिएका कारण नभई धमपुत्र/धर्मपुत्री वदर राख्नेले खान लाउन नदिई घरबाट निकाला गरेमा वा शिक्षा, स्वास्थ्योपाचार व्यवस्था गरेन भने त्यसतो धर्मपुत्र वा धर्मपुत्रीले राख्ने संग छोरा छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान** सरह अंश गरी लिन पाउँछन् ।

१२ एउटा मात्र छोरा वा छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान** हुनेले धर्मपुत्र वा धर्मपुत्री दिन हुँदैन । दिएमा भए वदर हुन्छ ।

१२(क) कुनै विदेशी नागरिकले ऐनले धर्मपुत्र वा धर्मपुत्री राख्न हुने नेपाली नागरिकलाई धर्मपुत्र धर्मपुत्री राख्न चाहेमा त्यस्तो विदेशी नागरिकको चरित्र र आर्थिक स्थिति हेरी सम्वन्धित विदेशी सरकार व राजदुतावासको सिफारिस भएमा श्री ५ को सरकाले उपयुक्त संझेको शर्तमा धर्मपुत्र वा धर्मपुत्री लिन दिन स्वीकृति दिन सक्नेछ ।

१२(ख) यस महल बमोजिम श्री ५ को सरकारले विदेशी नागरिकलाई धर्मपुत्र वा धर्मपुत्री राख्ने स्वीकृति दिंदा त्यस्तो विदेशी नागरिक रहेको देशको कानूनमा धर्मपुत्र वा

धर्मपुत्रीलाई छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान सरह हक हुने व्यवस्था भएमा मात्र धर्मपुत्र वा धर्मपुत्री राख्न स्वीकृति दिनेछ ।

१३ ऐनले राख्न नहुने धर्मपुत्र वा धर्मपुत्री राखेको कुरामा थाहापाएको २ वर्ष भित्र नालिस नदिए लाग्न सक्दैन ।

**स्त्री अंशधनको महल**

१ कन्या, सधवा वा विधवा स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले आफ्नो आर्जनको चल अचल आफ्नो खुस गर्न पाउँछन् ।

२ भिन्न भएको कन्या सधवा वा विधवा तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले आफ्नो अंश हकको चल अचल सम्पत्ति आफूखुशी गर्न पाउँछन् ।

३ यसै महलको २ नं. बमोजिम आफ्नो खुश गर्न नपाउने अचल सम्पत्तिबाट त्यस्ता स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले लगाएको कपाली साहुको थैली भरी भराउ हुन सक्दैन ।

४ स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानलाई माइति मावलीपट्टीका नातेदार इष्टमित्रहरुले दिएको चल अचल र त्यसबाट बढे बढाएको दाइजो ठहर्छ । लोग्ने वा लोग्ने पट्टिका अंशियारले सबै अंशियारको मन्जुरीको लिखत गरी दिएको र लोग्ने पट्टिका अरु नातेदार वा इष्टमित्रले दिएको चल अचल त्यसबाट वढे वढाएको सम्पत्ति पेवा ठहर्छ ।

५ स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले आफ्नो दाइजो पेवा आफुखुश गर्न पाउँछन्  उ मरेपछि यसले खानु भनी लिखत गरी दिएको रहेछ भने लिखतै बमोजिम हुन्छ । लिखत रहेनछ भने संग बसेका छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान भए त्यस्ता छोराछोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले त्यस्ता छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान नभए भिन्न बसेका छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले त्यस्ता छोराछोरी पनि नभए लोग्नेको पनि नभए विवाह भएकी छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले, उ पनि नभए छोराका छोरा वा अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले र निजहरु पनि नभए हकवालाले पाउँछन् ।

७ स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले दाइजो पेवा वाहेक आफ्नो हक पुग्ने अरु सम्पत्ति कसैलाई अघिबाट दान वकस बिक्री समेत

केही व्यहोरासंग दिइछ र जसलाई दान वकस विक्री गरी दिएको हो उसैसित विवाह गरिछ भने सो दिइ लिएको सदर हुँदैन । हक पुग्नेले फिर्ता गरी दिन पाउँछ ।

## अपुतालीको महल

१ हकवाला भनेको सात पुस्तासम्मको पुरुष तर्फको हांगामा सबै भन्दा नजिकको अंशियार हुन्छ । सात पुस्ता नाघेको टाढाको दाजु भाई हुन्छ । नजिक र टाढाको हकवालामा छुट्याउँदा जो मरी अपुताली परेको हो उसैको आफ्नो पुरुष तर्फको हांगामा सन्तान भए मर्नेको मूल पुरुषको अरु हाँगाको हकवालाले नजिकको ठहर्दैन ।

२ यस महलमा अन्य नम्वरहरुको अधिनमा रही अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी छोरा, अविवाहित छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान**, छोराको छोरा वा निजको अविवाहित छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान** भएसम्म अरुले अपुताली पाउँदैन । मर्नेको छोरा **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान** नभई विधवा वुहारी भएमा निजले छोरा **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान** सरह अपुताली पाउँछे । त्यस्ता कोही नभएमा विवाहिता छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान**, विवाहिता छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान** पनि नभए निजका छोरा वा अविवाहिता छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान** र निजहरु पनि नभए त्यस्तो अपुताली ऐन बमोजिमको हकवालाले पाउँछन् ।

३ भिन्न भई बसेका लोग्ने स्वास्नी छोरा अविवाहिता छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान** छोराको छोरा वा निजको अविवाहिता छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान**ले हेरचाह नगरी विवाहिता छोरी वा छोरी ज्वाई **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान** वा त्यस्ता छोरी ज्वाईको छोरा वा अविवाहिता छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान**ले स्याहार सम्हार गरी पालेको रहेछ भने यसरी पालेको वावु आमा सासु ससुरा वा वाजे बजैको अपुताली पाल्ने विवाहिता छोरी छोरीज्वाई **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान** वा नाति नातिनाले पाउँछन । अरु हकवालाले पाउँदैनन् ।

६ एकै स्वास्नी पट्टिका वा एक देखि वढी स्वास्नीपट्टिको सन्तान हुने वावु आमाले आफु र सबै स्वास्नी छोरा अविवहाति छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान बुहारी समेतलाई ऐन बमोजिम अ.शवण्डा गरी दिई लिई कोही स्वास्नी छोरा अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान वुहारीसंग आफ्नो अंश मिसाई बसेकामा वावु आमा मरी अपुताली पर्‍यो भने त्यो अपुतालीसंग बसेका स्वास्नी छोरा अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान वुहारीले मात्र पाउँछन । लिखत भए लिखत बमोजिम हुन्छ ।

७ भिन्न भई बसेका लोग्ने स्वास्नी छोरा अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान वा छोराका छोरा वा अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले हेरचाह नगरौं एकै वावुबाट जन्मिएका दाजुभाई वा दिदी बहिनीले स्याहार सम्भार गरी पालेको रहेछन भने यसरी पालेका दाजुभाई वा दिदी वहिनीको अपुताली पाल्ने दिदी वहिनी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान वा पाल्ने दाजुभाईले पाउँछन । अरु हकवालाले पाउँदैन ।

९ एकै स्वास्नीपट्टिका छोरा अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान रहेछन ऐन बमोजिम अंशवण्डा गरी लिई दिई अरु छोरा अविवाहिता छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान वेग्लै बसेछन् । एक छोरा, अविवाहिता छोरी वुहारी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान पट्टि आफू बसेको रहेछ र म संग बस्ने छोरा अविवाहिता छोरी वुहारी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानले स्याहार संभार नगर्दा आफ्नो जो भएको अंश जिउनी लिई छोरा अविवाहित छोरी वुहारी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानसंग बस्न गएको मर्‍यो भने पछिसंग बस्न गएकाले खान पाउँछन । अंश जिउनी लिई बस्न गरएको रहेनछ भने केही कारणले केही दिन बस्न गएकोमा मरेकोभ ए त्यो अपुताली केही दिन बस्न गएको छोरा अविवाहित छोरी वुहारी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान हकवालाले पाउँदैनन ।

१० एक आमापट्टिका छोरा, अविवाहिता छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान मात्र छन ऐन बमोजिम अंशवण्डा भएपछि वावु आमा मात्र वेग्लै वसेका रहेछन वा कुनै छोरा अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक

सन्तानसीत बसेको रहेछन भने लोग्ने मरेकोभए लोग्नेको अंश जिउनी स्वास्नीको हुन्छ । स्वास्नी मरी भने लोग्नेको हुन्छ । अंश लिई छुट्टिएकी स्वास्नी मरी भने छोरा अविवाहिता छोरी तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान भए छोरा अविवाहिता छोरी तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तानले र छोरा अविवाहिता छोरी तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान नभए लोग्नेले पाउँछ । यी नभए सौतानी छोरा अविवाहिता छोरी तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तानले पाउँछ ।

१२ कुनै भाई वा अविवाहिता वहिनी तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान अंश लिई भिन्न बसेको र कुनै भाई वा अविवाहिता वहिनी तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तानसंग बसेकोमा संग बसेको भाई वा अविवाहिता वहिनी तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तानमा कुनै भाई वा अविवाहिता वहिनी तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान मरी अपुतालि पऱ्यो भने भिन्न भएको वा अविवाहिता वहिनी तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तानले पाउँदैनन । विमातृका भए पनि संग बसेकाले मात्र पाउँछ । संग बसेपनि खानु पिउनु आफ्नो अंशबाट आफ्नो हिस्सा बमोजिम राखी खाएका रहेछन भने संग बसेको भएपनि त्यस्तो भिन्न बसेको भाई वा अविवाहिता वहिनीको अपुतालीमा समेत मर्ने भाई वा अविवाहिता वहिनीको सहोदर भाई वा अविवाहिता वहिनी तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तानहरुले पाउँछन विमातृका पट्टिकाले पाउँदैनन ।

## आसय करणीको महल

१ कसैले कुनै महिला तथा यौन तथा लैगिक अल्पसंख्यकको मन्जुरी विना निजको संवेदनशील अंग छोएमा वा हुने प्रयास गरेमा, निजको मित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा निजलाई अस्वभाविक रुपले कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौन सम्वन्धी अंग निजलाई छुन समाउन लगाएमा वा निजलाई अश्लिल वा अन्य यस्तै प्रकारको शव्द संकेत योग गरेमा वा अन्य कुनै असवभाविक व्यवहार गरेमा वा निजलाई करणीको आसयले समातेमा यौन दुर्व्यवहार गरेको मानिन्छ र त्यस्तो कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयासम्म जरिवाना हुनेछ । यस्तो कार्यबाट पीडित व्यक्तिलाई कसुरदारबाट मनासिव माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्छ ।

५ आफू वा अरुसंग गैरकानूनी करणी गर्न स्वास्नी मानिस तथा यौन तथा लैगिक अल्पसंख्यकलाई फकाउने र वेश्यागमनको लागि सम्पर्क र व्यवस्था गरी दिनेलाई ६ महिना देखि २ वर्षसम्म कैद वा पाँच सय रुपैया देखि ६ हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुन्छ ।

## जवरजस्ती करणीको महल

१ कसैले कुनै महिला तथा यौन तथा लैगिक अल्पसंख्यकलाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्ष भन्दा कम उमेरकी बालिका तथा यौन तथा लैगिक अल्पसंख्यकलाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जवरजस्ती करणी गरेको ठहर्छ ।

२ हाडनाताकी स्वास्नी मानिस तथा यौन तथा लैगिक अल्पसंख्यकको कसैले जवरजस्ती करणी गरेमा यस महल बमोजिमको सजायमा हाडनातामा करणी गर्नेको महलमा लेखिएको सजाय समेत थपी सजाय हुन्छ । जन्मकैदको सजाय पाउनेमा भने जवरजस्ती करणी वापतको सजाय थप हुँदैन ।

३ जवरजस्ती करणी गर्नेलाई देहाय बमोजिमको कैद सजाय हुनेछ । दश वर्ष भन्दा मुनीक वालिका तथा यौन तथा लैगिक अल्पसंख्यक भए दश देखि १५ वर्षसम्म ।

१० वर्ष वा सो भन्दा वढी १४ वर्ष भन्दा कम उमेरकी बालिका तथा यौन तथा लैगिक अल्पसंख्यक भए ६ वर्षदेखि १० वर्षसम्म ।

१६ वर्ष वा सो भन्दा वढी २० वर्ष भन्दा कम उमेरकी महिला तथा यौन तथा लैगिक अल्पसंख्यक भए ५ वर्षदेखि ८ वर्षसम्म ।

२० वर्ष वा सोभन्दा वढी उमेरकी महिला तथा यौन तथा लैगिक अल्पसंख्यक भए ५ वर्ष देखि ७ वर्षसम्म २० वर्ष वा सोभन्दा वढी उमेरकी महिला तथा यौन तथा लैगिक अल्पसंख्यक भए ५ देखि ७ वर्षसम्म ।

यस नम्वरमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएमा पनि लोग्ने स्वास्नी तथा यौन तथा लैगिक अल्पसंख्यकलाई जवरजस्ती करणी गरेमा तीन महिना देखि ६ महिनासम्म ।

३(क) महिला तथा यौन तथा लैगिक अल्पसंख्यकलाई सामुहिक रुपमा जवरजस्ती करणी गर्ने वा गर्भवती अशक्त वा अपांग महिलातथा यौन तथा

लैंगिक अल्पसंख्यक लाई जवरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप ५ वर्ष कैद गर्नु पर्छ ।

९ अपुताली खानका लागि कसैले कुनै स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकको जवरजस्ती करणी गरेमा वा गर्न लगाएमा त्यस्तो करणी गर्ने वा गर्न लगाउनेले सो स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकको अपुताली खान पाउँदैन ।

१० कसैले कुनै महिला तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई जवरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिला तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई भएको शारिरीक वा मानसिक क्षति विचार गरी मनासिव ठहऱ्याए बमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिन पर्नेछ । यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गम्भिर्यता कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नावालक छोराछोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान भए निजहरुलाई पर्न गएको पीडा समेत विचार गरी निर्धारण गर्नुपर्नेछ ।

१०(क) यस महल अर्न्तगत कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकको वयान गराउँदा पीडितको लैंगिक अभिमूखिकरण अनुसारको प्रहरी कर्मचारीले गराउनु पर्नेछ र पीडितको लैंगिक अभिमूखिकरण अनुसारका प्रहरी कर्मचारी नभएमा समाजसेवी व्यक्तिको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउँनुपर्छ ।

१०(ख) यस महल अर्न्तगत कुनै मुद्दाको कारवाही चल्दा सम्वन्धित कानुन व्यवसायी अभियुक्त पीडित स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यक र निजको संरक्षक तथा मुद्दा हेर्न अधिकारीले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र इजलासमा उपस्थित हुन सक्नेछ ।

१०(ग) यस महल अर्न्तगतको मुद्दाको फैसला गर्दा जवरजस्ती करणी ठहर गरेकोमा सोही फैसलामा यस महल बमोजिम कसुरदारबाट भराई दिनुपर्ने क्षतिपूर्ति समेत उल्लेख गरी सम्वन्धित महिला तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई भराई दिनु पर्नेछ । क्षतिपूर्ति भराउने प्रयोजनको लागि यस महल अन्तर्गतको मुद्दा दायर भए लगतै अदालतले आरोपित व्यक्तिको अंश लगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्नेछ ।

## हाडनाता करणीको महल

१ आफूलाई जन्माउने आमाको करणी गर्नेलाई जन्मकैद हुन्छ । आफ्ना एकै वावुबाट जन्मेका दिदी वहिनी वा आफूले जन्माएका छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यकको करणी गर्नेलाई १० वर्ष कैद हुन्छ ।

२ देहायमा लेखिएको नाताकी स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकको करणी गर्नेलाई ३ वर्षदेखि ६ वर्षसम्म कैद हुन्छ ।

आफ्नो हाडको नातामा आफ्नी सौतेनी आमा हांगा नफाटेकोमा जतिसुकै माथिको पुस्ता भएपनि हांगा फाटेकोमा ३ पुस्तासम्मका बज्यै, आफ्ना छोराकी स्वास्नी छोरा वुहारी, तथा यौन तथा लैंगिक अल्पसंख्यक आफ्ना हांगामा जतिसुकै पुस्ताको छोरा सन्तान भएपनि त्यस्ता छोरा सन्तानकी स्वास्नी वा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक आफ्ना एकै वावुबाट जन्मेका भाइकी स्वास्नी भाई वुहारी, आफ्ना एकै वावुबाट जन्मेका दाजु वा भाइकी छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक वा छोरा वुहारी आफ्नो एकै वावुबाट जन्मेका दिदी वा वहिनी वा आफ्ना एकै वाजेबाट जन्मेका दाजु वा भाइकी छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक वा त्यस्तो भाइकी स्वास्नी आफुले जन्माउको छोराकी छोरी वा छोरी वुहारी तथा यौन तथा लैंगिक अल्पसंख्यक आफुलाई जन्माउने आमालाई जन्माउने वज्यू, आफूलाई जन्माउने आमाका वावु वा आमालाई जन्माउने वज्यू, वावुका आमालाई जन्माउने वज्यू, आफ्नी स्वास्नीलाई जन्माउने वज्यू, आफ्नी स्वास्नीलाई जन्माउने सासु त्यस्ती सासु वा आफ्ना ससुरालाई जन्माउने वुढी सासु आफ्नी आमाका एकै आंतका दिदी वा वहिनीकी छोरी वा त्यस्ती दिदी वा वहिनीको छोरा वुहारी तथा यौन तथा लैंगिक अल्पसंख्यक आफूलाई जन्माउने आमाका एकै आंतका दाजु वा भाइकी स्वास्नी आफ्नी माइजु ।

३ देहायमा लेखिएको नाताकी स्वास्नी मानिसको जानी जानी करणी गर्नेलाई नाता र पुस्ताको विचार गरी वढीमा २ वर्षसम्म कैद हुनेछ । आफ्ना हाडमा ७ पुसतासम्मका यसै मलहका १ र २ नं. को देहाय दफा १ मा लेखिए देखि वाहेकका वज्यु, भाई, वुहारी छोरा वुहारी नातिनी वुहारी दिदी वहिनी छोरी नातिनी, तथा यौन तथा लैंगिक अल्पसंख्यक फुपु जेठावा कान्छा वावुकी स्वास्नी । आफ्ना एकै वाजेबाट जन्मेका जेठा वा कान्छा वावुकी छोरीकी छोरी

तथा यौन तथा लैंगिक अल्पसंख्यक वा आफ्नो वावुबाट जन्मेका दाजु वा भाइको छोराकी छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक आफ्ना एक वावुबाट जन्मेका दिनदी वा वहिनीको छोराकी छोरी वा छोरा वुहारी तथा यौन तथा लैंगिक अल्पसंख्यक वा त्यस्ता दिदी वा वहिनीको छोराकी छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक वा छोरा वुहारी आफ्नी सौतेनी सासु व सौतेनी वुढी सासु ।

४ अरु कसैले भाउजुको करणी गरेमा आफ्ना एकै वावुबाट जन्मेका दाजुकी स्वास्नी भए ३ वर्षदेखि ६ वर्षसम्म र अरुमा आफ्ना हाडमा ७ पुस्तासम्मका दाजुकी स्वास्नीको जानी जानी करणी गरेको भए नाता र पुस्ताको विचार गरी वढीमा १ वर्षसम्म कैद हुनेछ ।

५ एका लोग्नेबाट जन्मेका छोराको र उसै स्वास्नीको अर्को लोग्नेबाट जन्माएकी छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यकको जानी जानी करणी भएमा सो करणी गर्ने लोग्ने मासिनलाई वढीमा १ वर्षसम्म कैद हुनेछ ।

६ कसैले आफ्ना धर्मपुत्र छोराका स्वास्नी तथा यौन तथा लैंगिक अल्पसंख्यक वा सन्तानमा वा धर्मपुत्र राख्ने वावुका नातामा करणी गरेमा यस महल बमोजिम सजाय हुने हाड्नाताको रहेछ भने सोही बमोजिम र अरुमा धर्मपुत्रले धर्मपुत्र राख्ने वावुकी स्वास्नीको वा त्यसैबावुबाट जन्मेकी छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यकको वा धर्मपुत्र राख्नेले धर्मपुत्रकी स्वास्नीको वा धर्मपुत्रीको छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यकका करणी गरेमा वढीमा १ वर्षसम्म कैद हुनेछ ।

९ यस महल बमोजिम सजाय हुने कुनै स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकको करणी गरे वापत सजाय भैसकेपछि फेरि सोही स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकको करणी गरेमा निजलाई पचास रुपैया जरिवाना हुन्छ र सो बमोजिम जरीवाना गरिसकपछि निजले सोही स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकको करणी गरेमा तेश्रो पटक देखि निजलाई प्रत्येक पटकलाई वढीमा ३ महिनासम्म कैद हुन्छ ।

१० यस महलमा लेखिए बमोजिम लोग्ने मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई सजाय हुने कसुरमा राजीखुशीले करणी गराउने स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई हुने सजायको चार खण्डको १ खण्ड

सजाय हुन्छ । त्यस्तो सजाय गर्दा ३ वर्ष भन्दा वढी कैद हुने भएमा ३ वर्षसम्मको मात्र कैद गर्नु पर्छ ।

११ यस महलका अन्य नम्वरहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले यस महल बमोजिम सजाय हुने नाताका कुनै सधवा स्वास्नी **तथा यौन तथा लैगिक अल्पसंख्यक**को करणी गरेको रहेछ र साधुले जारीको महल बमोजिम हुने सजायमा सो कैदको सजाय समेत थपी कैद गरिदिनु पर्छ छर सो बमोजिम थपी कैद गर्दा ६ वर्ष भन्दा वढी कैद हुन जाने रहेछ भने एक वर्ष मात्र कैद गर्नु पर्छ ।

## पशुकरणीको महल

१ कसैले स्त्री **तथा यौन तथा लैगिक अल्पसंख्यक** जाती चौपायाको करणी गर्न वा कुनै चौपाया सित करणी गराउन वा अरु कूनै अप्राकृतिक मैथुन गर्न गराउन हुदैन ।

२ यस महलका अरु नम्वरमा लेखिए देखि वाहेक अरु कुनै किसिमको अप्राकृतिक मैथुन गर्ने गराउनेलाई १ वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना हुन्छ

## विवाहवारीको महल

१ हाडनाता करणीको महलले सजाय हुने नातामा वाहेक यस महलका नम्वरमा लेखिएका कुराका अधिनमा रही आफ्नो इच्छा अनुसार राजीखुशीले विहावारी गर्न हुन्छ । विहावारी भएकोमा हाडनातामा पर्न गएको रहेछ भने ती लोग्ने स्वास्नी **तथा यौन तथा लैगिक अल्पसंख्यक**लाई छुट्याई दिनु पर्छ । जानी जानी त्यस्तो विहावारी गरेकोमा हाडनाता करणीको महलमा लेखिए बमोजि सजाय समेत हुन्छ ।

२ (१) विहावारी गर्दा महिला पुरुष **तथा यौन तथा लैगिक अल्पसंख्यक**को उमेर संरक्षकको मन्जुरी भए १८ वर्ष र संरक्षकको मन्जुरी नभए २० वर्ष नपुगी विहावारी गर्न गराउन हुँदैन । विवाह गरे गराएमा सो गर्ने गराउने मध्ये उमेर पुगेका मुख्यलाई देहाय बमोजिम हुन्छ :

१० वर्ष नपुगेकी बालिका **तथा यौन तथा लैगिक अल्पसंख्यक**को विवाह गरे गराएको रहेछ भने ६ महिनादेखि ३वर्षसम्म कैद र एक हजार रुपैया देखि १० हजार रुपैया सम्म कैद हुनेछ....१

१० वर्षदेखि माथि १४ वर्ष नपुगेकी बालिका तथा यौन तथा लैंगिक अल्पसंख्यकको विवाह गरे गराएको रहेछ भने ३ महिनादेखि एक वर्षसम्म कैद र पाँचहजार रुपैयासम्म जरिवाना हुनेछ.....२

१४ वर्षदेखि १८ वर्ष नपुगेकी स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकको विवाह गरे गराएको रहेछ भने ६ महिनासम्म कैद वा दश हजार रुपैयासम्म जरिवना वा दुवै सजाय हुनेछ....३

२० वर्ष उमेर नपुगेको स्वास्नी मानिस वा लोग्ने मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकको विवाह गरे गराएको रहेछ भने ६ महिनासम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ..................४

माथि १, २, ३, ४ दफा बमोजिम भएको जरिवाना तिरे लिई सो जरिवाना त्यसै बालिका, स्वास्नी वा लोग्ने मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई दिनुपर्छ नतिरेमा सो जरिवाना हुने व्यक्तिको मात्र अंश जायजात गरी उपर भएकाबाट सो लागेको जरिवानाको अंक जति सो बालिका स्वास्नी मानिस वा लोग्ने मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई दिनु पर्छ । जायताजतबाट सो जरिवाना उपर हुन नसके उपर नभएको जरिवानाको रुपैया जतिमा ३ महिनासम्म कैद गर्नु पर्छ.....................८

लोग्ने मानिस वा स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यक मध्ये कसैको उमेर १८ वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछन भने १८ वर्ष उमेर नपुगी विवाह भएकोले १८ वर्ष पुगेपछि मन्जुरी नगरे त्यस्तो विवाह वदर गर्न पाउँछन....९

४(न) वक्क लाटो, महारोगी, लुलो कुंजो, दुवे आँखा अन्धो लिंग नभएको नपुसंक, हात गोडा भाँची वेकम्म भएको वौलाहा, वा छारे रोग भएको लोग्ने मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई सद्दे छ भनी ढाँटी विवाह भएकोमा स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकले मन्जुर नगरे सो विवाह वदर हुन्छ । जरिवाना हुन्छ । त्यस्तो ढांटी विवाह गर्ने गरी दिनेलाई पाँच सय रुपैयासम्म जरिवाना हुन्छ ।

५ वक्क लाटी, महारोगी, लुलो कुंजो, दुवे आँखा अन्धो योनिहिन भएकी हात गोडा भाँची वेकम्म भएकी वौलाएकी, वा छारे रोग भएकी स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई सद्दे छे भनी ढाँटी विवाह भएकोमा लोग्ने मानिस

तथा यौन तथा लैंगिक अल्पसंख्यकले मन्जुर नगरे सो विवाह वदर हुन्छ । जरिवाना हुन्छ । त्यस्तो ढांटी विवाह गर्ने गरी दिनेलाई पाँच सय रुपैयासम्म जरिवाना हुन्छ ।

७ लोग्ने मानिस र स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यक दुवैको मन्जुरी विना विवाह गर्न गरी दिन हुँदैन । विना मन्जुरी जवरजस्ती विवाह गरे गरिदिए वदर हुन्छ । त्यस्तो विवाह गर्ने गरी दिनेलाई २ वर्षसम्म कैद हुनेछ ।

८ सधवा, विधवा वा सम्वन्ध विच्छेद भइसकेको स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई कन्या हो भनी वा विवाहित, विधुर वा सम्वन्ध विच्छेद भइसकेको लोग्ने मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई विवाह भएको थिएन भनी ढाँटी विवाह भएकोमा त्यसरी झुक्यानमा परी विवाह गर्नेले मनजुर नगरे विवाह वदर हुन्छ । त्यस्तो विवाह गर्ने गराउने मुख्य मध्ये उमेर पुगेकालाई दश हजार रुपैयासम्म जरिवना गरी त्यसरी झुक्यानमा पार्नेलाई दिलाई दिनु पर्छ ।

९ देहायको अवस्थामा वाहेक कुनै लोग्ने मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकले आफ्नी स्वास्नी जिवित छदै वा कानून बमोजिम लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकसंग विवाह गर्न वा अर्की स्वास्नी राख्न हुँदैन ।

- स्वास्नीलाई यौन सम्वन्धी कुनै सरुवा रोग भै निको नहुने भएमा
- स्वास्नी निको नुहेन गरी वौलाएमा
- स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने श्री ५ को सरकारको तर्फ मान्यता प्राप्त मेडिकल वोर्डबाट प्रभावित भएमा ।
- स्वास्नी हिडडुल गर्न नसक्ने गरी कुँजी भएमा स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा ।
- यसै महलको ९ नम्वर बमोजिम विवाह गर्दा स्वास्नी निको नहुने गरी वौलाएको र अंश लिई भिन्न बसेकोमा वाहेक अन्य अवस्थामा स्वास्नीको सहमती लिनु पर्नेछ ।

## जारीको महल

१ अर्काकी स्वास्नी हो भन्ने कुरा जानी जानी वा सो थाहा पाउने मनासिब कारण भई कसैले त्यस्तो स्वास्नी मानिस तथा यौन तथा लैगिक अल्पसंख्यकलाई स्वास्नी बनाउन लागेमा जारी गरेको हठर्छ ।

२ जारी खतमा साधुको नालिस परे जार र जारी गरिएको स्वास्नी मानिस तथा यौन तथा लैगिक अल्पसंख्यकलाई एक महिनादेखि दुई महिनासम्म कैद र एक हजार रुपैदेखि २ हजार रुपैयासम्म जरीवाना हुनेछ ।

३ नं देहायका अवस्थामा साधुले सजाय गराउन पाउने छैन । साधु आफैले जारी गरी ल्याएकी स्वास्नीको अरुले जारी गरेकोमा सौता भएको स्वास्नी मानिस तथा यौन तथा लैगिक अल्पसंख्यकको जारी गरेकोमा लोग्ने स्वास्नीको महलको १ को २ नं. दफाले सम्वन्ध विच्छेद गर्न र विहावारीको महलको २ नं को ९ दफाले र ४,७ नं.ले विवाह वदर गराउन पाउने स्वास्नी मानिस तथा यौन तथा लैगिक अल्पसंख्यकको जारी भएमा ।

५ कसैले कसैको स्वास्नीको जारी गरी साधुको धनमाल समेत लगेकोमा वा स्वास्नी मानिस तथा यौन तथा लैगिक अल्पसंख्यकले अर्को विवाह गरी जाँदा आफूले लगाएको वा प्रयोग गर्न लत्ताकपडा वा आफ्नो दाइजो, पेवा आर्जन वाहेक साधुको अरु धनमाल समेत लगेमा लग्न नपाउने धनमालको हकमा साधुले र निज मरेमा वा विदेश गएकोमा निजको हमा हकदारले देवानी मुद्दा सरह नालिस गरी फिर्ता लिन पाउछ ।

## अदलको महल

५ कैद वा थुनामा रहेकी कुनै महिला तथा यौन तथा लैगिक अल्पसंख्यकलाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरु कसैलाई सहयोग पारी, मिलाई दिई करणी गराएमा वा चिकित्सा सेवा उपलव्ध गराउने चिकित्सक वा स्वास्थ्यकर्मीले त्यस्तो सेवा प्राप्त गर्न आएकी कुनै महिला तथा यौन तथा लैगिक अल्पसंख्यकलाई सो सेवा उपलव्ध गराउँदा वा गराउने स्थानमा करणी गरेमा वा आफूले संरक्षण दिएकी वा आफ्नो हेरविचारमा रहेकी कुनै महिलालाई त्यसरी संरक्षण दिने वा हेरविचार गर्ने व्यक्तिले करणी गरेमा वा होस ठेगानमा नरहेकी वा शारीरिक वा मानसिक रोग लागी उपचार वा पुर्नस्थापना गर्ने संस्थाको पदाधिकारी वा कर्मचारीले करणी गरेमा एक वर्षदेखि तिन वर्षसम्म कैद

हुनेछ । त्यस्तो कार्य गर्दा यस ऐन वा अन्य कानून अनुसार पनि सजाय हुने रहेछ भने सो सजाय समेत थप हुनेछ ।

**आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु**

**(बिक्री वितरण नियन्त्रण) ऐन, २०४९**

दफा २(झ)

“बच्चा” भन्नाले बाह्रमहिनासम्मको उमेरको शिशु संझनु पर्छ । यस भित्र यौन तथा लैंगिक अल्पसंख्यक सन्तान समेत पर्दछन् ।

**कर्मचारी संचयकोष ऐन, २०१९**

दफा १५(क)(१)

(ख) संगोलको छोरा वा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान

(ग) संगोलको बाबु आमा, छोरा पट्टिको नाति नातिनी यौन तथा लैंगिक अल्पसंख्यक सन्तान

(घ) भिन्न बसेको पति, पत्नी, छोरा, अविवाहित छोरी, यौन तथा लैंगिक अल्पसंख्यक सन्तान, बाबु आमा ।

(ङ) संगोलको बाबुपट्टीको बाजे, बजै, दाजु भाई, अविवाहित दिदी, वहिनी, विधवा छोरा वुहारी, विवाहित छोरी, यौन तथा लैंगिक अल्पसंख्यक सन्तान ।

(च) संगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरापट्टिको नाति, अविवाहिता नातिनी यौन तथा लैंगिक अल्पसंख्यक सन्तान ।

(छ) संगोलको काका, विधवा काकी, भाउजु, भाइवुहारि, नातिनी वुहारी, यौन तथा लैंगिक अल्पसंख्यक सन्तान महिला कर्मचारीको हकमा संगोलको सासु, ससुरा

(ज) भिन्न बसेको दाजु भाई

(झ) विवाहिता दिदी, वहिनी, भिन्न बसेको बाजे, बजै, विधवा छोरा वुहारी, नातिनी वुहारी, भतिजा, यौन तथा लैंगिक अल्पसंख्यक सन्तान ।

**कारागार ऐन, २०१९**

दफा ६(१) (क)

लोग्ने मानिस र स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई छुट्टयाई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभई एउटै घरमा बस्नु पर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्ना भिन्नै भागमा ।

दफा ८

कारागारमा नाबालक तथा यौन तथा लैंगिक अल्पसंख्यक बच्चाको हेरचाह

१) थुनिए वा कैद परेकी स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यक को कारागार भित्र छोरा छोरी, यौन तथा लैंगिक अल्पसंख्यक सन्तान जन्मे छ वा दुई वर्ष नपुगेको नाबालक छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान रहेछ भने बाहिर हेरविचार गर्ने वारेस बाला भएपनि निजलाई आमा तथा यौन तथा लैंगिक अल्पसंख्यकले आफैसंग राखी हेरविचार गर्न चाहेमा कारागार भित्रै राख्न हुन्छ । त्यस्ता नावालक दुई वर्ष पुगेपछि आवश्यक भएमा वाहेक निजलाई वारेसवालाको जिम्मा लगाई दिनु पर्छ ।

दफा ९

थुनुवा र कैदीको सिधा खर्च र लुगा सम्वन्धि व्यवस्थाः- कारागारमा थुनिएका वा कैद परेका थुनुवा वा कैदीहरु र त्यस्ता थुनुवा र कैदीहरुको दफा ८ को उपदफा (१)(२) मा उल्लेख भएका नाबालक छोरा छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई तोकिए बमोजिम सिधा खर्च र लुगा दिइने छ ।

## गाली र वेइज्जति ऐन, २०१६

दफा ८

आइमाईलाई अपमानित गर्ने नियतले कुनै काम गरेमाः- कसैले कुनै आइमाइ तथा यौन तथा लैंगिक अल्पसंख्यकको अपमान गर्ने नियतले निजले देख्ने सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शव्द वा हाउभाउ व्यक्त गरेमा वा कुनै शव्द देखाएमा वा निजको गोपनीयतामा दखल दिएमा रु १००।- देखि रु ५००।- सम्म जरिवाना हुनेछ र ६ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ ।

## जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३

दफा ४(१)(क)

जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको पुरुष तथा यौन तथा लैंगिक अल्पसंख्यकहरु मध्ये सबैभन्दा जेठो व्यक्तिले ।

## जिउ मास्ने, बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३

दफा ४(ग)

कुनै स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर, त्रास वा दवावमा पारि वा अन्य कुनै तरिकाले वेश्या वृतिमा लगाउन ।

दफा ७(१)

कुनै स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई निजको अभिभावक वा नजिकको नातेदार वाहेक अन्य कसैले विदेश लैजान लागेमा वेच विखन गर्ने वा वेश्य वृतिमा लगाउने उद्देश्यले गरेको हो भन्ने दफा ५ बमोजिम कसैको उजुर परेमा त्यस्तो उद्देश्यले लगेको होइन भन्ने कुराको प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ ।

दफा ८(३)

स्वास्नी मानिस तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर, त्रास वा दवावमा पारि वा अन्य कुनै तरिकाले वेश्या वृतिमा लगाउने व्यक्तिलाई १० वर्षदेखि १५ वर्षसम्म कैद हुनेछ ।

## निजामति कर्मचारी सेवा ऐन, २०४९

दफा २(घ)

"परिवार" भन्नाले निजामती कर्मचारीसंग बस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान, धर्म पुत्र, अविवाहित धर्म पुत्री, वावु, आमा वा सौतेनी आमा संझनु पर्छ र सो शव्दले पुरुष कर्मचारीको हकमा निजको बाजे बजै तथा महिला कर्मचारीको हकमा निजको सासु ससुरा समेतलाई जनाउँदछ ।

## नेपाल कानून व्याख्या सम्वन्धि ऐन, २०१०

दफा २(च)

बाबुः- यो शव्दले कानुन बमोजिम धर्म पुत्र राख्न पाउनेमा सो राख्ने बाबु तथा यौन तथा लैंगिक अल्पसंख्यकलाई समेत जनाउछ ।

दफा २(ग)

पुत्र (छोरा): यो ऐनमा धर्म पुत्र राख्न पाउनेले राखेको धर्म पुत्र तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तानलाई समेत जनाउँनेछ ।

## नेपाल नागरिकता ऐन, २०२०

दफा ६(२)

नेपाली नागरिकतासंग बैवाहिक सम्वन्ध भएको विदेशी महिला **तथा यौन तथा लैंगिक अल्पसंख्यक**ले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको आधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन पत्र दिनु पर्नेछ । त्यसरी निवेदन दिंदा नेपाली नागरिकसित भएको वैवाहिक सम्वन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारवाई चलाएको निस्सा पनि साथै पेश गर्नु पर्नेछ ।

दफा ६(३)

संविधानको धारा ९ को उपधारा ६ मा उल्लेखित नेपालको नागरिकको छोरा, छोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान** वा वंशजको कुनै व्यक्ति नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारी समक्ष देहायको सर्तहरु पुरा गरेको निस्सा सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

## बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

दफा २(क)

"बालक" भन्नाले १६ वर्ष उमेर पुरा नगरेको बालबालिका संझनु पर्छ **सो शव्दले यौन तथा लैगिक अल्पसंख्यक सन्तान समेत जनाउनेछ ।**

## बालबालिका सम्वन्धि ऐन, २०४८

दफा २(क)

"बालक" भन्नाले १६ वर्ष उमेर पुरा नगरेको बालबालिका संझनु पर्छ **सो शव्दले यौन तथा लैगिक अल्पसंख्यक सन्तान समेत जनाउनेछ ।**

दफा ५

पालनपोषण आदीमा छोरा वा छोरी तथा छोरा छोरा वा छोरी छोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक सन्तान**मा भेदभाव गर्न नहुनेः- बालकको पालनपोषण शिक्षा तथा स्वास्थ्योपचारमा छोरा वा छोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक**को आधारमा मात्र वा छोरा छोरा वा छोरी छोरी **तथा यौन तथा लैगिक अल्पसंख्यक**को विच कुनै भेदभाव गर्नु हुँदैन ।

## विवाह दर्ता ऐन, २०२८

दफा ४

विवाह हुन सक्ने अवस्थाः- प्रचलित नेपाल कानूनले विवाह हुन नसक्ने अवस्थाका वाहेक देहायका पुरुष र स्त्री तथा यौन तथा लैगिक अल्पसंख्यकविच यस ऐन बमोजिम विवाह हुन सक्नेछ ।

१) पुरुष वा स्त्री तथा यौन तथा लैगिक अल्पसंख्यक मध्ये कुनैको पति वा पत्नी नभए

२) पुरुष वा स्त्री तथा यौन तथा लैगिक अल्पसंख्यकमध्ये कुनै वहुलाएको नभए,

३) पुरुषको उमेर २२ वर्ष र स्त्रीको उमेर १८ वर्ष तथा यौन तथा लैगिक अल्पसंख्यकको उमेर २० वर्ष पुरा भइसकेको भए

दफा ५

विवाह गर्ने दरखास्तः

(१) यो ऐन बमोजिम विवाह गर्न चाहने पुरुष र स्त्री तथा यौन तथा लैगिक अल्पसंख्यकले तोकिएको ढाँचामा दरखास्त लेखि विवाह अधिकारी समक्ष कम्तिमा १५ दिन अगावै पेश गर्नु पर्छ ।

२) उपदफा १ बमोजिम दरखास्त दिनलाई पुरुष वा स्त्री दुवै तथा यौन तथा लैगिक अल्पसंख्यक सो मध्ये १ जना त्यस्तो दरखास्त दिनु अघि १५ दिन देखि सम्वन्धित विवाह अधिकारीको क्षेत्रमा रही बसी आएको हुनु पर्छ ।

## भिक्षा माग्ने (निषेध) ऐन, २०१८

दफा २(क)

"केटा केटी" भन्नाले १६ वर्ष उमेर पुरा नगरेको व्यक्ति संझनु पर्छ सो शव्दले यौन तथा लैगिक अल्पसंख्यक समेतलाई जनाउनेछ ।

## भूमि सम्वन्धि ऐन, २०२१

दफा २(ग)

कुनै व्यक्तिको सम्वन्धमा "परिवार" भन्नाले सो व्यक्ति र निजको देहायको अवस्थाका नातेदार सम्मलाई संझनु पर्छ ।

१) अंश छुट्टिएको वा नछुट्टिको जे भएतापनि पति वा पत्नी

२) वावु वा आमा जिवित छउन्जेल अंश छुट्टिएका वा नछुट्टिको जे भएतापनि १६ वर्ष उमेर नपुगेका छोरा तथा यौन तथा लैगिक अल्पसंख्यक

३)	आमा वा वावु जिवित छउन्जेल १६ वर्ष उमेर नपुगेकी अविवाहिता छोरी

दफा २६(१)

यस परिच्छेदको अन्य दफाहरुको अधिनमा रही मोहीले कमाई आएको जग्गामा मोही सम्वन्धि निजको हक निज पछि निजको एकासगोलका पति पत्नी छोरा **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान**, आमा, वावु, धर्म पुत्र, ३५ वर्ष पुगेकी अविवाहिता छोरी, छोरा, वुहारी, नाति, नातिनी वुहारी वा दाजु भाइहरु मध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुन्छ ।

## मानव शरिरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५

दफा २(ठ)

कुनै व्यक्तिको सम्वन्धमा "नजिकको नातेदार" भन्नाले सो व्यक्तिको छोरा छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान**, आमा वावु, दाजु भाई, दिदी वहिनी, काका, भतिजा, भतिजी, वावु तर्फको बाजे, बजै, छोरा तर्फको नाति, नातिनी, छोरी तर्फको नाति, नातिनी र विगत २ वर्षदेखि अटुट रुपमा नातासम्वन्ध कायम रही आएको पति पत्नी, धर्म पुत्र धर्मपुत्री, सौतेनी आमा, सौतेनी वावु र सासु ससुरा समेतलाई संझनु पर्छ

## समाज कल्याण ऐन, २०४९

दफा ४(ख)

विकासका लागि सहभागिता बृद्धि गर्न र महिलाहरु **तथा यौन तथा लैंगिक अल्पसंख्यक**को हक हितको संरक्षण र सम्वर्द्धन गर्न ।

## संसद सचिवालय सम्वन्धि ऐन, २०५८

दफा २(थ)

"परिवार" भन्नाले कर्मचारीसंग बस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति पत्नी, छोरा, अविवाहिता छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान**, धर्म पुत्र, अविवाहिता धर्मपुत्री, वावु आमा, वा सौतेनी आमा र पुरुष कर्मचारीको हकमा निजको बाजे बजै तथा महिला कर्मचारीको हकमा निजको सासु ससुरा संझनु पर्छ ।

## श्रमजिवी पत्रकार सम्वन्धि ऐन, २०५१

दफा २(ज)

"परिवार" भन्नाले श्रमजिवि पत्रकारसंग बस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति पत्नी, छोरा, अविवाहिता छोरी **तथा यौन तथा लैंगिक अल्पसंख्यक सन्तान**, धर्म पुत्र, अविवाहिता धर्मपुत्री, वावु आमा, वा सौतेनी आमा र पुरुष श्रमजिवि पत्रकारको हकमा निजको बाजे बजै तथा महिला श्रमजिवि पत्रकारको हकमा निजको सासु ससुरा संझनु पर्छ ।